# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

## संक्रमणकालीन न्यायका संयन्त्रहरुको गठन सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण ।

२०७६ भाद्र ५ गते

संक्रमणकालीन न्यायको विषयलाई निष्कर्षमा पुर्‍याउनु पर्ने सम्बन्धमा विस्तृत शान्ति सम्झौताको बेला देखि नै राष्ट्रिय मानव अधिकार आयोग अत्यन्त सजग छ । यस सम्बन्धमा आयोगले समय-समयमा आफ्ना धारणा व्यक्त गर्दै आइरहेको सबैमा अवगतै छ । संक्रमणकालीन न्यायलाई संवोधन गर्ने आयोगहरुलाई पूर्णता दिने विषयमा संचार माध्यमहरुमा हालै प्रकाशित समाचारहरु प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ र यसप्रति आयोग आश्चर्यचकित छ । हाल रिक्त रहेको सत्यनिरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरुको छानवीन आयोगका पदाधिकारीहरुको नियुक्ति गर्ने सिफारिश समितिमा यस आयोगको समेत प्रतिनिधित्व रहेको आयोग स्मरण गर्दछ । सिफारिश गर्ने जिम्मेवारी कानूनद्वारा नै व्यवस्था गरिएको सिफारिश समितिको भएको कुरामा द्विविधा हुनुपर्ने होइन । समितिबाट स्वतन्त्र, निष्पक्ष, पीडितमैत्री तथा पारदर्शी रुपमा मानव अधिकारका मूल्य र मान्यता अनुकूल योग्य व्यक्तिहरु सिफारिश गरिनुपर्ने हुन्छ ।

रिक्त रहेका ती दुवै आयोगहरुको पदाधिकारी चयन गर्ने सम्बन्धमा संचार माध्यममा आए अनुरुप हुने हो भने नियुक्ति प्रकृयामा निष्पक्षता, तटस्थता र पारदर्शिता समेत नरहने अनुभूति आयोगलाई भएको छ । यस्तो परिस्थितिबाट द्वन्द्व पीडितहरुले न्यायको अनूभूति गर्न कठिन हुने र कानूनद्वारा अख्तियारी प्रदान गरिएको सिफारिश समितिको वैधता र निष्पक्षता माथि नै प्रश्न चिन्ह समेत खडा हुने भएकोले उक्त समितिमा रही आयोगले कार्य गर्ने वा नगर्ने सम्बन्धमा पुनर्विचार गर्न सक्ने तर्फ आयोग गम्भीर रहेको धारणा सार्वजनिक गर्दछ । ऐन संशोधन प्रक्रियामा राजनीतिक वृत्तको ध्यानाकर्षण भएकोमा भने आयोग सन्तोष व्यक्त गर्दछ ।

३।५ २०७६।५।५ (हस्ताक्षर)

.....................

अनूप राज शर्मा

अध्यक्ष


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org